अन्नपूर्ण पोष्ट
वर्ष १५, अंक २४९, पृष्ठ १२+४+४ / काठमाडौं, शुक्रबार २३ पुस २०७३

पदपूर्ति समिति

# रामपुर नगरपालिका

पाल्पा

## पदपूर्ति सम्बन्धी लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

सुचना नं १ / २०७३ / २०७४

सुचना प्रकाशित मिति : २०७३/९/२९ गते

यस नगरपालिकाको पदपूर्ति समितिको बैठकको निर्णय बमोजिम निम्न पदहरु(अप्राविधिक) मा खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट समितिद्वारा स्वीकृत फाराम भरी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

| सि. नं | विज्ञापन नं | पद/तह | बढुवा | खुला | महिला | जम्मा पद संख्या | परीक्षा मिति |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७३/७४ | सहायक स्तर, प्रशासन सेवा पांचौं तह | १ | १ | १ | ३ | पछि सूचना प्रकाशित गरिनेछ । |
| २ | २/०७३/७४ | सहायक स्तर, प्रशासन सेवा चौथो तह | - | २ | १ | ३ | |

**द्रष्टव्य:**

**परीक्षाको किसिम:-** लिखित परीक्षा कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षाको केन्द्र:-** पछि सूचना प्रकाशन गरिनेछ ।

**परीक्षा दस्तुर:-** सहायकस्तर पाँचौ तहको लागि ५००/- (पाँच सय) र सहायकस्तर चौथो तहको लागि ४००/-(चार सय) र समावेशीमा थप २००/-(दुई सय)

**उम्मेदवारको उमेर हद:-** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ तर महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्ति मिति :-** २०७३/१०/२० गते सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र ।

**परीक्षा दस्तुर बुझाउने स्थान :-** रामपुर नगरपालिका कार्यालय, रामपुर, पाल्पा

**दरखास्त र कम्प्युटर सीप परीक्षा तथा अन्तर्वार्ता हुने मिति :-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण :-** सेवा, समूह, सम्बन्धी

**तलब:-** प्रचलित स्केल बमोजिम ।

**आवश्यक न्युनतम योग्यता:-**

**१) प्रशासन सहायक स्तर पाँचौ तहका लागि:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**२) प्रशासन सहायक स्तर चौथो तहका लागि:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी परीक्षा वा सोसरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**द्रष्टव्य :-**

क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनुपर्नेछ । रामपुर नगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

घ) तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै रामपुर नगरपालिका कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति बाध्य हुनेछैन ।

च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशी दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलकासाथै नक्कल प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

छ) दरखास्त दिने मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा डकुमेन्ट विवरण ट्रान्सकृप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ । बैदेशिक संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धीत निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

ज) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।

झ) दरखास्त फारम र पाठ्यक्रम रामपुर नगरपालिकाको वेवसाईट www.rampurmun.gov.np बाट डाउनलोड गरी र नगरपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

**समावेशी समूहतर्फ दरखास्त दिँदा उम्मेद्वारहरुले पेश गर्नुपर्ने थप कागजातहरु : -**

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेद्वारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अर्न्तवार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कलसहित आफैले प्रमाणित गरेको नक्कलसमेत साथमा लिई आउनुपर्नेछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

पदपूर्ति समिति
रामपुर नगरपालिका कार्यालय

झापाको
विषयमा विवा
दमकमा रहेके
लखनपुर-१
भण्डारी रंगश
चर्किदै गएको
आदिवासं
बिहीबार दम
पूर्वप्रधानमन्त्री
आपत्ति जनाए
प्रतिष्ठानका म
सयभन्दा बढी

यस
गमगढी मुगु
संस्थाहरुबाट
गरिएको छ ।
१. बोलपत्र
२०७२/
फिर्ता न
२. खरिद भ
३. समय भि
प्रतिनिधि
४. बोलपत्र
५. ढुवानी द
६. बोल पत्र
कार्यालय
वा यस
७. बोलपत्र
मान्यता
८. रित न
९. बोलपत्र
कृषि विव
१०. बोलपत
११. यसमा
१२. ढुवानी
१३. ढुवानीक
१४. मल बि
१५. यस सम्

| सि.न. |
|---|
| १ |
| २ |
| ३ |